नेपाल सरकार
सिंहदरबार, काठमाडौं

## कृषक दर्ताको अवधारणा र स्थानीय तहहरुमा "कृषक दर्ता व्यवस्थापन कार्यक्रम" कार्यान्वयनको लागि विनियोजित शशर्त अनुदान अन्तर्गतको रकम बाँडफाडका आधारहरु सम्बन्धमा

### १. पृष्ठभूमीः

सरकारले विगत लामो समयदेखि कृषि विकासका लागि विभिन्न प्रविधि विकास तथा प्रसारका साथै कृषि सामग्रीहरु, उन्नत प्रविधिहरु, कृषि संरचनाहरु निर्माण लगायतका कार्यक्रमहरुका लागि कृषकहरुलाई अनुदानका कार्यक्रमहरु मार्फत सेवा सुविधा प्रदान गर्दै आएको छ। यसरी कृषकहरुको जीवनस्तर उकास्नका लागि भएका विभिन्न प्रयासहरुका बाबजुद कृषकहरुको अपेक्षा पुरा हुन नसकेको एवम् राज्यले प्रदान गरेका सहयोग तथा सुविधाहरुबाट लाभान्वित हुने कृषकहरुको एकिन विवरण एकत्रित गर्न नसकिरहेको अवस्था हाल विद्यमान रहेको छ। त्यस अलावा मुलुक संघीयतामा प्रवेश गरेसँगै कृषि विकास तथा प्रसारका कार्यहरु पनि तीन तहका सरकारका जिम्मेवारीका क्षेत्र भित्र रहन गएका छन् । तीनै तहबाट कृषि विकासका क्षेत्रमा प्रवाह हुने सेवा सुविधाहरु कृषकसम्म पुग्ने अवस्थाका लागि वास्तविक कृषकहरुको पहिचान गरी यथार्थ विवरणहरु अद्ययावधिक गर्दै तीनै तहका सरकारको पहुँचमा रहने व्यवस्था गर्नुपर्ने हुन्छ। यसरी सञ्चालन हुने कार्यक्रमहरुमा प्रभावकारिता ल्याउन तथा मितव्ययी बनाउन हामीले गर्ने कार्यहरु मात्र नभई कृषकहरुको पहिचान तथा प्रवाहित सेवा सुविधाहरुको सूचना दीगो तथा उपयोगी रुपमा व्यवस्थापन गर्नु अति आवश्यक छ। यसका साथै खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ मा उल्लेखित कृषक वर्गीकरण सम्बन्धी व्यवस्थाको कार्यान्वयनको लागि पनि कृषक सूचीकरण प्रस्थान विन्दु रहेको कारण नेपाल सरकारले कृषकहरुको उचित पहिचान र विभिन्न तहका सरकारहरुबाट सेवा सुविधामा दोहोरोपना नहुने गरी कृषक केन्द्रित योजनाहरुको तर्जुमा र कार्यान्वयन मार्फत कृषकहरुलाई आवश्यक उत्पादन सामग्रीहरुको सुनिश्चितताका लागी २०७७/७८ को बजेट वक्तव्य तथा नीति कार्यक्रममा समेत कृषक सूचिकरण गर्ने व्यहोरा उल्लेख रहेको छ। साथै विभिन्न प्रदेशहरु समेतले आफ्नो कार्यक्रमहरुमा समेटेर कृषक दर्ता सम्बन्धि कार्यलाई स्थानीय तहका सरकारहरुसंगको निकटतम समन्वयमा अगाडि बढाउने लक्ष्य तय गरेका छन्।यस सन्दर्भमा कृषक दर्ता कार्यलाई राष्ट्रिय अभियानका रुपमा सञ्चालन गर्न तथा एकरुपता प्रदान गर्न संघीय सरकार मार्फत तीनै तहका निकायहरुसँग सहकार्य र समन्वयमा कार्य गर्नु अपरिहार्य रहेको छ।

### १.१ कृषक दर्ताको उद्धेश्यहरु

कृषक दर्ता प्रणालीका उद्धेश्यहरु निम्न अनुसार रहेका छन्

- वास्तविक कृषकहरुको परिचय स्थापित गर्ने
- कृषि क्षेत्रमा प्रवाह हुने सेवाहरुमा दोहोरोपना हटाउदै सबै कृषकहरुको पहुँचमा पुऱ्याउने
- विभिन्न निकाय मार्फत प्रवाह हुने सेवा र सेवा प्राप्त गर्ने लाभग्राही सम्बन्धी विवरणहरु एकीकृत गर्दै अध्यावधिक गर्ने
- कृषक वर्गिकरणको लागि आधार तथा आवश्यक तथ्याङ्कहरु सहितको राष्ट्रिय डाटावेश तयार गर्ने

## १.२ कृषक दर्ता प्रकृया

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ३ वटै तहहरुको पहुँच हुने र आफ्नो आफ्नो क्षेत्रका सूचिकृत कृषकहरुको विवरण हेर्न र अध्यावधिक गर्न सक्ने र सोही अनुरुप कृषि विकासका कार्यक्रमहरु तर्जूमा र कार्यान्वयन गर्न सक्ने प्रयोजनका लागि एक सफ्टवेयर तयारीको अन्तिम चरणमा रहेको छ । उक्त सफ्टवेयरमा कृषकले स्वंयले वा नजिकको कृषि शाखा/ पशुपन्छी शाखा, प्रादेशिक कृषि तथा पशुपन्छी सम्बन्धी कार्यालयहरु तथा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको ईकाईहरु लगायतका संघीय कार्यालयहरु मार्फत आफ्नो विवरण प्रविष्ट गर्न सक्नेछन । प्रविष्ट भएका उक्त विवरणहरु सम्बन्धित स्थानीय तहको वडा समिती मार्फत प्रमाणीकरण गरिनेछ । यस प्रकार आवश्यक जानकारी कृषक दर्ता पद्दतीमा प्रविष्ट गरी प्रमाणित गरे पश्चात कृषकहरुले कृषक दर्ता नम्बर प्राप्त गर्नेछन। यसबाट कृषकहरुको पहिचान स्थापित हुनुका साथै र कृषकहरुको विवरण राष्ट्रिय प्रणालीमा समाविष्ट हुन्छ र सेवा प्रवाह गर्ने निकायहरुलाई आफ्ना सेवाग्राही कृषकहरुको अध्यावधिक विवरणहरुमा पहुँच हुनेछ । स्थानीय तहबाट सूचिकृत भएका कृषकहरुको विवरणहरु सम्बन्धित स्थानीय तहहरु र सम्बन्धित प्रदेशहरुको पहुँचमा रहनेछ र सोही अनुसार आफ्नो योजना र कार्यक्रम तर्जूमा गर्न र अनुदानका कार्यक्रमहरु सन्चालन गर्न सक्नेछन् ।

## २. कृषक दर्ता व्यवस्थापन कार्यक्रम को लागि विनियोजित शशर्त अनुदान रकम खर्च गर्ने आधारहरु

यस कार्यलाई अभियानकै रुपमा अगाडि बढाउने सम्बन्धमा तीनै तहका सरकारहरुबाट व्यापक प्रचार प्रसारका साथै कृषक सूचिकरण घुम्ती अभियान कार्यक्रमहरु समेत सञ्चालन गर्न आवश्यक रहन्छ । सो प्रयोजनका लागी चालु आ.वमा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट संघीय सशर्त अनुदान अन्तर्गत ब.उ.शि.नं ३१२००१०१ अन्तर्गत कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रमको कृषक दर्ता व्यवस्थापन कार्यक्रमलाई तपसिल अनुसार बाँडफाड गरी सम्बन्धित स्थानीय तहको कृषि शाखा मार्फत कार्यक्रम सन्चालन गर्न सकिनेछ ।

### २.१ सफ्टवेयर निर्माणमा खर्च गर्न नपाइने

कृषकका विवरणहरु सबै तहका सरकारको पहुँच रहने गरि राष्ट्रिय प्रणाली आवश्यक रहेकाले सोका लागि आवश्यक सफ्टवेयर संघीय मन्त्रालय मार्फत निर्माण हुने हुँदा सफ्टवेयर निर्माणमा उक्त रकम विनियोजन गर्न पाइने छैन ।

यस अलावा सफ्टवेयरमा बढी भन्दा बढी कृषकहरुको विवरण प्रविष्ट गर्नका लागि आवश्यक सहजिकरण हुने किसिमका निम्न कृयाकलापहरुका लागि विनियोजित उक्त बजेट बाँडफाड गर्न सकिनेछ ।

### <u>२.२ सुचना प्रवाह एवं प्रचारप्रसार</u>

कृषि पेशा/व्यवसायमा संलग्न सबै किसानहरुलाई सरकारबाट उपलब्ध हुने अनुदान र सहायताहरु प्राप्त गर्नका लागि कृषक पहिचान संकेत नं अनिवार्य रहेको हुनाले यस प्रणालीमा सूचिकृत हुन सुसुचित गर्ने प्रयोजनका लागि स्थानिय सञ्चार माध्यम मार्फत सुचना प्रवाहमा बढीमा २० प्रतिशत रकम विनियोजित गर्न सकिनेछ ।

**२.३ घुम्ति शिविर सञ्चालन तथा परिचालकहरु परिचालन**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

स्थानीय तहको कृषि तथा पशुपन्छी शाखासँग समन्वय गरि कृषक सूचिकरण सम्बन्धि जनचेतना जगाउने, कृषकहरुको विवरण सफ्टवेयरमा प्रविष्ट गर्न सहजिकरण गर्ने, प्रविष्ट विविरण प्रमाणीकरणमा सहजिकरण गर्ने कार्यका लागी आवश्यकता अनुसार निश्चित अवधिका लागी परिचालकहरु नियुक्त गर्ने, घुम्ति शिविरहरु सञ्चालनका लागि आवश्यक इन्धन वा सवारी भाडा खर्च, हल भाडा, स्टेशनरीहरु, खाजा/पानी खर्च अन्य आइपर्ने मसलन्द खर्चहरु लगायतका व्यवस्थापकीय कार्यहरुमा उपयोग गर्न सकिने।

**२.४ वडा समितिको बैठक व्यवस्थापनः**

कृषक प्रमाणीकरणका लागी वडास्तरमा बस्ने बैठकहरु व्यवस्थापनका लागी विनियोजित रकमको बढीमा २० प्रतिशत रकम खर्च गर्न सकिने।

**२.५ अन्य कृयाकलापहरु**

यस अलावा स्थानीय तहले कृषक सूचिकरणलाई प्रभावकारी बनाउन अन्य कृयाकलापहरु समेत आवश्यक देखेमा सोका लागि समेत खर्च गर्न सकिनेछ ।

**(पूनश्चः कृषक दर्ता सम्बन्धी सफ्टवेयर र कार्यक्रम सन्चालन निर्देशिका नेपाल सरकारबाट स्विकृतीको क्रममा रहेकाले स्विकृती पश्चात सबै स्थानीय तहहरुमा उपलब्ध गराइने व्यहोरा समेत अनुरोध छ ।)**